विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७९/०४/३१

**निर्णय नं. १**

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/०३/३० मा भएको भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/AB/003/2076/77) र वडा नं ८ को वडा कार्यालय भवन निर्माणका लागि श्री होराईजन विल्डर्स संग मिति २०७८/०८/२३ मा भएको निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/WORKS/003/2078/79) बमोजिमको निर्माण कार्य कोभिड १९, मनसुनको प्रभाव, निर्माण ब्याबसायीहरुले गरेको Construction Holiday लगायत विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेको जानकारी गराउदै निर्माण कम्पनीले निर्माण समयावधी (म्याद) थपका लागि अनुरोध गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौ संशोधनको दफा १२०(क) बमोजिम विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणको निर्माण समयावधी म्याद समाप्त भएको मितिले ६ महिना (२०७९ फाल्गुन मसान्त) सम्मका लागि र वडा नं ८ को वडा कार्यालय भवन निर्माणको निर्माण समयावधी म्याद समाप्त भएको मितिले ६ महिना (२०७९ पौष २०) सम्म थप गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. २**

विरुवा गाउँपालिकाको केन्द्र र जिल्ला सदरमुकाम जोड्ने रणनीतिक महत्वको राङखोला विरुवा सडक निर्माणको लागि चालु आर्थिक बर्षमा गण्डकी प्रदेश सरकारबाट विनियोजित बजेट (रु १ करोड) भएकोमा उक्त सडक हाल अत्यान्त जिर्ण अवस्थामा रहेको, उक्त बजेट स्तरोन्नतीको लागि पर्याप्त नहुने हुदा सो बजेटलाई वृद्धि गरी बहुबर्षिय योजनाको रुपमा समाबेश गर्दै ठेक्का प्रक्रिया अगाडी बढाउन गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ३**

विरुवा गाउँपालिका कार्यालयबाट कार्यान्वयन गरिने कृषि/पशुपंक्षि कार्यक्रमका लागि अनुदान, कृषि तथा पशु कार्यक्रम संचालन तथा व्यावस्थापन साथै गाउँपालिकामा निर्माण सम्पन्न भएको कृषिउपज संकलन केन्द्र तथा हाटबजारको प्रभावकारी संचालन गर्नका लागि आवश्यक कार्यविधि कार्यपालिकामा पेश गर्नका लागि मिति २०७९/०४/०१ गतेको कार्यपालिका बैठकद्धारा गठित समितिले तयार गरी कार्यपालिका समक्ष पेश गरेका तपसिल कार्यविधिहरु स्वीकृत गर्ने सर्बसहमतिले निर्णय गरियो।

- कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि-२०७९
- कृषि उपज संकलन केन्द्र तथा हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका-२०७९

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७९/०४/३१

- कृषक अनुदान वितरण कार्यविधि, संशोधित-२०७९
- अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यविधि-२०७९
- बालि तथा पशुधन विमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७९

निर्णय नं. ४

विरुवा गाउपालिका कार्यालयद्धारा आ.ब.२०७९/८० मा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुका लागि उपभोक्ता समिति गठनको काम २०७९ भाद्र १५ गतेभित्र सम्पन्न गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ५

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यबिधि, २०७८ को दफा ४.१(घ) बमोजिमको स्थानीय तहस्तरीय भूमिहीन तथा अव्यवस्थित व्यवस्थापन सहजिकरण समितिमा तपसिल कार्यपालिका सदस्यलाई सदस्यको रुपमा चयन गर्ने सर्बसहमतिले निर्णय गरियो।साथै उक्त कार्यविधिको दफा ६.२ बमोजिम विरुवा गाउँपालिका अन्तर्गत विरुवा बजार क्षेत्रलाई गाउँपालिकाको केन्द्रको रुपमा र अन्य गाउँपालिकाको क्षेत्रलाई ग्रामीण क्षेत्रको रुपमा तोक्ने सर्बसहमतिले निर्णय गरियो।

तपसिलः

१ श्री पाल सिहं वि.क.
२ श्री ईन्दिरा पोखेल

निर्णय नं. ६

विरुवा गाउँपालिका गाउँ शिक्षा समितिमा विभिन्न क्षेत्रका तपसिल ब्यात्तिहरुलाई विरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ बमोजिम गाउँ शिक्षा समिति सदस्यको रुपमा चयन गर्ने सर्बसहमतिले निर्णय गरियो।

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७९/०४/३१

कार्यपालिका सदस्य मध्येबाट (दफा १६.१ ग)

१ श्री नोम बहादुर गुरुङ
२ श्री मनु कुमारी राना

गाउँपालिका भित्रका समाजसेवी, शिक्षाप्रेमी वा चन्दादाता मध्येवाट (दफा १६.१ छ)

१ श्री लक्ष्मी के.सी.
२ श्री धन प्रसाद सुनार
३ श्री चुन प्रसाद शर्मा
४ श्री ओमनाथ शर्मा

निर्णय नं. ७

विरुवा गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ को दफा ६(१) बमोजिमको स्थानीय समन्वय समितिमा श्री दुर्गादेवी थापालाई सदस्यको रुपमा चयन गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ८

विरुवा गाउँपालिका वडा नं. ८ मा अवस्थित पुष्पमदन खेलमैदानलाई गाउँपालिका स्तरिय रंगशालाको रुपमा विकास गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने तथा सो आयोजना संचालनका लागि गाउँपालिका बाट नियमानुसार लागत साझेदारी गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ९

विरुवा गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयका प्रधानअध्यापक हरुलाई प्र.अ. बैठकमा सहभागि हुँदा वडागत रुपमा प्रतिबैठक पदाधिकारी बैठक भत्ता खर्च शिर्षकबाट तपसिल बमोजिम रकम यातायात भत्ता बापत उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो।

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७९/०४/३१

तपसिलः

| क्र.सं. | वडा विवरण | यातायात भत्ता रकम रु | कैफियत |
|---|---|---|---|
| १ | १ र २ | ३०० | |
| २ | ५, ६ र ८ | ४०० | |
| ३ | ३, ४ र ७ | ५०० | |

निर्णय नं. १०

विरुवा गाउँपालिका अन्तर्गतका तपसिल आधारभूत विद्यालयहरुलाई नमुना बालविकास केन्द्रको रुपमा विकास गर्न स्वीकृती प्रदान गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री आदिकवि जित आ.वि. | विरुवा-२ | |
| २ | श्री धोबादि भन्ज्याङ आ.वि. | विरुवा-३ | |
| ३ | श्री जनप्रिय पिपलभन्ज्याङ आ.वि. | विरुवा-४ | |
| ४ | श्री देववाणी आ.वि. | विरुवा-५ | |
| ५ | श्री किचानास आ.वि. | विरुवा-५ | |
| ६ | श्री जनजागृति आ.वि. | विरुवा-६ | |
| ७ | श्री प्रभात आ.वि. | विरुवा-७ | |
| ८ | श्री जनजागृति आ.वि. | विरुवा-७ | |
| ९ | श्री मनकामना आ.वि. | विरुवा-८ | |
| १० | श्री पानधारा आ.वि. | विरुवा-८ | |

निर्णय नं. ११

विरुवा गाउँपालिका कार्यालयका लागि करार सेवामा कर्मचारी पदपूर्ति कार्यमा संलग्न दक्ष, विज्ञ लगायत अन्य कर्मचारीहरुलाई लोकसेवा आयोगको स्वीकृत दररेट अनुसारको भत्ता रकम विविध खर्च शिर्षकबाट उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो।

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङजा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७९/०४/३१

निर्णय नं. १२

विरुवा गाउपालिका वडा नं १ मा निर्माणाधिन विरुवा प्रहरी चौकीको भवन बर्षादको कारण जोखिममा परेकोले सो को संरक्षणका लागि सपोर्ट वाल निर्माण गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १३

२०७९ सालको हरितालिका तिजको अवसरमा वडास्तरमा तिज कार्यक्रम संचालनका लागि वडा कार्यालयले पेश गरेको प्रस्तावका आधारमा रु २५००० मा नबढ्ने गरी कार्यक्रम खर्च उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १४

विरुवा गाउँपालिका कार्यालय अन्तर्गतका बिषयगत शाखा तथा वडा कार्यालयहरुबाट पेश भएको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक प्रगति प्रतिवेदन स्वीकृत गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १५

चालु आ.ब. को कार्यक्रम तथा आयोजनाको प्रभावकरी कार्यान्वयनका लागि विरुवा गाउँपालिका अन्तर्गतका बिषयगत शाखा तथा वडा कार्यालयहरुबाट पेश भएको संलग्न बमोजिमको कार्ययोजना स्वीकृत गर्ने तथा सो कार्ययोजना र कार्यतालिकाको पूर्ण पालना गर्ने गराउने सर्बसहमतिले निर्णय गरियो।